**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९।०८० सालको निर्णय नं. २७१**

**पुनरावेदन नं. ०७५-RB-०२१५**

**पुनरावेदन दर्ता मितिः२०७५।१०।२२**

**मुद्दाः– आयकर (२०७०/०७१)।**

| | |
|---|---|
| काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २ गैह्रिधारा स्थित सनराईज बैंक लिमिटेडको तर्फबाट ऐ.बैंकका प्रमुख कार्यकारी अधिकृत वर्ष ६३ को रत्नराज बज्राचार्य......................................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| ठुला करदाता कार्यालय,हरिहरभवन ललितपुर..............................................१<br>आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाण्डौ..........................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा

शुरु कार्यालयको निर्णय मितिः–२०७५।०२।३०

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः २०७५।०८।२५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री प्रकाश रेग्मी

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्बित नजीरः** ठूला करदाता कार्यालय विरुद्ध किष्ट बैंक लिमिटेड
०७३-RB-१४६ मुद्दाः आयकर फैसला मितिः २०७४।०७।१४

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२५ मा भएको निर्णय उपर आयकर ऐन, २०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता सनराईज बैंक लिमिटेडले आ.व. २०७०/०७१ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रू. ४१,३०,९१,७११।- देखाई ठुला करदाता कार्यालय, ललितपुरमा मिति २०७१।०९।२९ मा आय विवरण पेश गरेको।

२. करदाताले आ.व.२०७०/०७१ को आयकर विवरण साथ पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गरी पेश हुन आएको कर परिक्षण प्रतिवेदन समेतको आधारमा आयकर ऐन, २०५८ बमोजिम आयमा कट्टी गर्न नपाइने खर्च दावी गरिएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय कायम गर्नु पर्ने भएको हुंदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१ (६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०२।११ मा सुचना जारी भएको।

३. ठुला करदाता कार्यालय, ललितपुरबाट मिति २०७५।०२।११ मा जारी भएको सूचना करदाताले मिति २०७५/०२/१४ मा बुझी लिई सोको जवाफ मिति २०७५।०२।२५ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७०/०७१ का लागि रु. ४१,७३,९८,२५४।९१ करयोग्य आय कायम गरी आयकर ऐन २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी

सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठुला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७५।०२।३० मा भएको निर्णय ।

५. ठुला करदाता कार्यालय, ललितपुरले मिति २०७५।०२।३० मा जारी गरेको आ.व. २०७०/०७१ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता सनराईज बैंक लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७५।०४।२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताले वास्तविक आधार, कारण र प्रमाण विना दावी गरेको सवारी साधनको ह्रास खर्च, स्थिर सम्पत्ति समुह 'ख' र 'ग' मा बढी दावी भएको मर्मत खर्च र शुल्क तथा व्याज सम्बन्धमा आयकर ऐन (संशोधित सहित), २०५८ को दफा १९, दफा १६(१), सोही ऐनको दफा १२० (क) बमोजिम खर्च कट्टी नदिने गरी शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारण कानून सम्मत देखिएकोले निवेदकको निवेदन जिकिर पुग्ने नसक्ने ठहर्छ भन्ने समेत वेहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२५ मा भएको निर्णय।

७. ठूला कारदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण सम्बन्धी निर्णयलाई नै सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको प्रशासकीय पुनरावलोकनको निर्णयमा **ATM Machine, Locker, Generator** लगायतका कार्यालय उपकरण वर्ग 'ख' मा पर्नेमा बर्गिकरण फरक पारी वर्ग 'घ' कायम गरी ह्रास खर्च अमान्य गरेको, Staff Vehicle facility अन्तर्गतका सवारी साधनको ह्रास खर्च र मर्मत तथा सुधार खर्चलाई ७ प्रतिशत भन्दा बढी खर्च कट्टी लिएको भनी सो खर्च समेत अमान्य गरेको तथा आफ्नो वार्षिक आय विवरण एवं सो मुताविक दाखिला गर्नु पर्ने कर रकम भन्दा बढी कर अग्रिम दाखिला गरेको अवस्थामा आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क लगाउने गरी ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय त्रुटीपूर्ण भएकोले बदर गरी पाँउ भन्ने समेत वेहोराको पुनरावेदक करदाताले यस न्यायाधिकरणमा मिति २०७५।१०।२२ मा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नू भन्ने यस न्यायाधिकरणको मिति २०७६/०४/२२ मा भएको आदेश ।

९. यसमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवनबाट भएको कर निर्धारण निर्णय उपर आन्तरिक राजस्व विभागबाट मिति २०७५।८।२५ मा भएको प्रशासकीय पुनरावलोकन सम्बन्धी निर्णय सहितको सक्कल मिसिल झिकाई पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७७।८।१५ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

१०. नियम बमोजिम पेशी सूचीमा चढी निणयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता सनराईज बैंक लिमिटेडका तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री प्रकाश रेग्मीले ठुला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको आ.व. २०७०/०७१ को संशोधित कर निर्धारणको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर ले शुरु कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश र सो निर्णयलाई सदर गर्ने गरी अन्तरिक राजस्व विभागका महानिर्देशकले गरेको निर्णय समेत कानूनसम्मत नै रहेको देखिंदा सदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो ।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो ।

१२. निर्णय तर्फ विचार गर्दा, करदाताले लिएको पहिलो बुँदामा संशोधित कर निर्धारण गर्दा ठूला करदाता कार्यालयबाट ATM, Locker, Generator आदिलाई वर्ग "ख" बाट "घ" मा राखी ह्रास खर्च कट्टी गणना गर्ने गरी भएको अन्तिम कर निर्धारणको आदेश कानूनसम्मत नरहेको भन्ने जिकिर लिएको देखियो। ATM Machine, Generator, Locker जस्ता सम्पत्ति व्यवसायको लागि आधारभूत सम्पत्ति भएकाले सम्पत्ति समूह 'घ' मा पर्ने भनी समूह 'ख' बाट हटाएर समूह 'घ' मा ह्रास आधार कायम गरी कर निर्धारण गरेकोमा उक्त सम्पत्तिहरु समूह 'ख' मा पर्ने भनी पुनरावेदकले जिकिर लिएको देखिन्छ। अब ATM Machine, Generator, Locker कुन सम्पत्ति समूहमा पर्दछ भनी विचार गर्दा कार्यालयमा

अत्याधिक मात्रामा उपयोगमा आउने र बैंकको नियमित र दैनिक कार्यमा प्रयोग हुने यस्ता वस्तुहरु कार्यालय उपकरणहरु ह्रासयोग्य सम्पत्तिहरुको विशेषता अनुकूल नै ‘ख’ वर्गमा पर्ने देखिन्छ। यही प्रश्न समावेश मुद्दामा श्री सर्वोच्च अदालतबाट बैंकका यस किसिमका ATM Machine, Generator, Locker लगायतका सम्पत्तिहरु समूह ‘ख’ मा पर्ने भनी फैसला भएको देखिन्छ।[1] उक्त फैसला समेतको आधारमा पुनरावेदकका सोही किसिमका ‘ख’ वर्गमा पर्ने ह्रासयोग्य सम्पत्तिलाई ‘घ’ वर्गमा राखी ह्रास कट्टी अमान्य गरेको हदसम्मको शुरुको निर्णय मिलेको नदेखिँदा उक्त निर्णय उल्टी हुने देखियो। साथै लगाउमा रहेको यिनै करदाताको आ.व. २०६९/७० को संशोधित कर निर्धारणसंग सम्बन्धित ०७५-RB-०२१० को आयकर मुद्दामा आज यसै इजलासबाट ह्रास कट्टी शीर्षकको हकमा पुनः संशोधित कर निर्धारण गर्न ठूला करदाता कार्यालयमा मिसिल पठाउने ठहर भइ फैसला भइसकेको परिप्रेक्ष्यमा करदाताको आ.व. २०६९/७० को Revised Depreciation Chart समेत हेरी यो आ.व.को ह्रास खर्च कट्टी सम्बन्धमा समेत पुनः संशोधित कर निर्धारण गर्न फाइल ठूला करदाता कार्यालयमा पठाउनु पर्ने देखियो।

१३. करदाताको दोस्रो पुनरावेदन जिकिर हेर्दा, मर्मत सुधार खर्चमा समूह 'ख' र ‘ग’ अन्तर्गतका सम्पत्तिमा मर्मत तथा सुधार खर्च रु.८,५१,३७५।४० बढी दावी गरेको भन्ने आधारमा खर्च अमान्य गरे उपर रहेको पाइयो। आयकर ऐन, २०५८ को दफा १६ को उपदफा (१) मा "*कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीको आय गणना गर्दा सो व्यवसाय वा लगानीबाट आय आर्जन गर्न सो वर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रासयोग्य सम्पत्तिको मर्मत वा सुधार गर्दा भएको सबै खर्चहरु कट्टी गर्न पाउनेछ*" भन्ने र उपदफा (२) मा उपदफा (१) मा "*जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम गर्न पाउने खर्च कट्टी गर्दा उक्त आय वर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको सात प्रतिशत भन्दा बढी हुने छैन*" भन्ने कानुनी व्यवस्था रहेको देखिन्छ। ठूला करदाता कार्यालयले करदाताको आ.व.२०६९/०७० को पूर्ण कर परीक्षण पश्चात संशोधन गरी कायम भएको आ.व.०७०/०७१ को लागि शुरु ह्रास आधारको विवरणमा यस आ.व. मा थप घट भएको सम्पत्ति समायोजन गरी ह्रास आधारको समूह वर्ग ‘ख’ र ‘ग’ मा समूहीकृत स्थायी सम्पत्तिको अन्तिम ह्रास आधार क्रमशः रु.४,३६,८७५।६८ र रु.३,८१,४९९।७२ गरि जम्मा रु.८,५१,३७५।४० कायम गरेको देखियो। यस स्थितिमा उक्त रकमको ७% ले हुने रकम मात्र यस आ.व. को लागि मर्मत तथा सुधार खर्चमा कट्टी दावी गर्नुपर्नेमा करदाताले रु. ८,५१,३७५।४० बढी दावी गरेको खर्च कट्टी नपाउने भनी ठूला करदाता कार्यालयबाट भएको निर्णय एवं सोही निर्णय

---

[1] पुनरावेदक किष्ट बैंक लिमिटेड विरुद्ध ठूला करदाता कार्यालय समेत भएको मुद्धा नं. ०७३-RB-०१४६, फैसला मिति २०७४।०७।१४

सदर गर्ने गरी आन्तरिक विभागका महानिर्देशकबाट भएको निर्णयलाई अन्यथा भन्न मिलेन।

१४. करदाताको अन्तिम पुनरावेदन जिकिर आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम शुल्क निर्धारणका सम्बन्धमा रहेको देखिन्छ। करदाताले कानून बमोजिम आय विवरण पेश गरेको अवस्थामा ठूला करदाता कार्यालयले गैरकानूनी तवरले व्याख्या गरी कर निर्धारणको क्रममा बैंकलाई आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिमको शुल्क समेत निर्धारण गर्ने गरी भएको निर्णय कानून सम्मत नरहेको हुँदा खारेज गर्नुपर्दछ भन्ने करदाताको पुनरावेदन जिकिर रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा ऐनको दफा १२० मा *“कुनै व्यक्तिले कुनै कुराका सम्बन्धमा विभागमा झुट्ठा वा भ्रमपूर्ण विवरण दिएमा वा दाखिल गर्नुपर्ने कुनै कुरा वा वस्तुको जानकारी नदिइ वा सो विवरणबाट हटाई विवरणमा उल्लिखित जानकारी भ्रमपूर्ण हुन गएमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम शुल्क लाग्ने छ”* भन्ने व्यवस्था गर्दै खण्ड (क) मा *"जानाजानी वा लापरवाहीपूर्वक गरेको नभई भुलवस झुट्ठा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको पचास प्रतिशत"* भनी उल्लेख गरेको र सोही दफाको खण्ड (ख) मा *“जानाजानी वा लापरबाही गरेको कारणले झुट्टा वा भ्रमपूर्ण हुन गएकोमा त्यसबाट हुने घटी कर रकमको एक सय प्रतिशत”* भनी स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ।यी करदाताले आ.व.२०७०।०७१ को आय विवरण पेश गर्दा ह्रास खर्च र मर्मत सुधार खर्च कट्टी बढी दावी गरेको कारण करदाताको आय विवरण भ्रमपूर्ण हुन गएको देखियो ।यस्तो अवस्थामा आयकर ऐन, २०५८ को दफा १२० को खण्ड (क) आकर्षित हुने नै देखिँदा ५०% शुल्क निर्धारण गरेको निर्णयलाई अन्यथा भन्न मिलेन।

१५. तसर्थ माथी विवेचित आधार एवं कारण समेतबाट करदाता सनराईज बैंक लिमिटेड (स्थायी लेखा नं. ३०२६६९७७०) को आ.व. ०७०/०७१ को ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण गर्दा ह्रासयोग्य सम्पत्तिको समुह 'ख' अन्तर्गत वर्गिकृत सम्पत्तिलाई समुह 'घ' अन्तर्गत वर्गिकृत गरी ह्रास खर्च हिसाब गरी गरेको मिति २०७५/०२/३० को आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५/०८/२५ मा भएको निर्णय समेत सो शीर्षकको हकमा मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । अब करदाताको आ.व.२०६९/०७० मा कायम Depreciation chart समेत हेरी कानून बमोजिम उक्त शीर्षकमा पुनः संशोधित कर निर्धारण गरिदिनु भनी फाइल ठूला करदाता कार्यालय ललितपुरमा पठाउनु। करदाताको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन।

## <u>तपसिल खण्ड</u>

१. करदाता सनराइज बैंक लिमिटेड (स्थायी लेखा नं. ३०२६६९७७०) को आ.व. ०७०/०७१ को संशोधित कर निर्धारण गर्दा ठूला करदाता कार्यालयले एटिएम मेसिन, लकर र जेनेरेटर आदिलाई 'घ' वर्गमा राखी ह्रास खर्च कट्टी गणना गरेको हदसम्म मिति २०७५।०२।३० को निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७५।०८।२५ मा भएको निर्णय समेत केही उल्टी हुने ठहरी फैसला भएकोले करदाताको आ.व.०६९/०७० मा कायम Depreciation Chart समेत हेरी कानून बमोजिम पुनः संशोधित कर निर्धारण गर्नू भनी यो फैसलाको प्रतिलिपी सहित फाइल ठूला करदाता कार्यालयमा पठाईदिनू।

२. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौंलाई पठाईदिनु।

३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।

४. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

५. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>

इजलाश अधिकृतः सनिता लामा

कम्प्युटर अपरेटरः प्रदिप तिवारी

फैसला मितिः२०७९।१२।१४।३

फैसला प्रमाणिकरण गर्ने लेखा सदस्यः

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप